# वर्तमान नेपाल

(सामाजिक एवम् धार्मिक अवस्थाको एक झलक)

सांब देव पांडे

हिमालयको मध्य-भागमा भारत र चीनको (तिब्बत प्रदेशको) बीचमा रहेको नेपालको क्षेत्र फल १४०,८०० वर्ग किलोमिटर तथा जनवल झण्डै ९४ लाख छ. अंग्रेजको सफल साम्राज्य-वादी नीतिले गर्दा गत शय वर्ष सम्म यस देशको आर्थिक, सामाजिक, नैतिक आदि सबै उन्नति रोकिने र घट्ने हुन गयो. यस नीतिले गर्दा उण्डाइशवीं शताब्दीको मध्य पछि आफूले चाहे जति नेपालीहरूलाई "गोर्खा फौज" मा भर्ती गर्न शक्ने भयो. आङ्ग्लशाहीको यस सफलता हासिल गर्न सवा शताब्दि सम्म अपनाइएको क्रूरता तथा उग्रता पूर्ण अप्रत्यक्ष मरणमारण, शोषण र दमनले जनता आज सम्म पनि सातो उडेका, लथाङ्गिएका तथा आधुनिकताका अनभिज्ञ छन्. जन जीवन अझै लक्ष-हीन, गति-हीन र निर्जीव छ. २००७ सालको क्रान्तिलाई भ्रान्ती ठानी नया भावना र चाहनाबाट बची अन्ध परंपरामा स्वयं होमिएर युगोचित प्राप्त अधिकार तथा सहुलियतहरूबाट बंचित रही ज्यान जोगाउँ भन्ने नै यहाँ धेरै छन्. सातो पनि आओस् कसरि ? जनताले कैयौं पुस्ता यता अधिकार भन्ने देखेकै छैन सबैको डांको र हप्की सिवाय केही सुनेको नै छैन. ज्यू धन सरकारको, मारे पाप पाले पुण्य जो निगाहा भन्ने भन्दा बोल्न शिकेको थिएन. भित्ताको कान हुन्छ, राजकाजका कुरागरे जीब्रो थुत्छन् भन्ने केटाकेटीमा नै सबैलाई दिक्षा सुनाइन्थ्यो. पुस्तन पुस्ता देखि थिच्दै किच्दै झण्डै पशुको स्तरमा भने झैं खसालिएका कल, बल, छल, द्वारा लुटिई. गरीबी र तवाहीमा भुटिएका बालक्र र सेवक तुल्याइएकाबाट हुन पनि अरू के होस् ? हुन त स्वस्थ आधुनिकतम समाज तथा उग्लेर गएका होटल वोतल मार्गी समाज समेत पनि यहाँ पाइन्छन् ता पनि बहुतर समाज ज्ञान र समृद्धिको दृष्टिकोणबाट निकै तल छन् र झण्डै शुद्ध जंगली जस्ता समाज समेत यहाँ प्रसस्त छन्.

यस देशमा सहर छैन भने पनि हुन्छ. केवल २·४ प्रतिशत मानिस १०,००० भन्दा बढी जनसंख्या भएको ठाममा वस्छन् अर्थात् ९७½ प्रतिशत भन्दा बढी जनता गाउँमा नै छन्. उत्तर तिर निकै ठाउँमा तथा दक्षिण तिर प्रायश: सर्वत्र गाउँलेका घरहरू एकै ठाममा हुन्छन् तर सहर बजार बाहेक अन्यत्र पहाडी प्रदेशमा घरहरू छरिएका नै छन्. घरको बनावट र आकार प्रकार प्राकृतिक परिस्थिति तथा समाज अनुसार विभिन्न हुन्छन्. पानी न पर्ने ठाउँ (जस्तो टुकुचे) तिर घरका छाना थेप्चा हुन्छन् अन्यत्र ढोल परेको हुन्छ. ढुङ्गा (उत्तरमा मात्र), झिंगटी (यस्तै टायल वा खप्रेल), जस्ता (टीन), खर, पराल या स्याउलाले छाना छाएको हुन्छ. तराइको घर भुंइतले मात्र र गाम्हो माटो पोतिएको बाँसको हुन्छ. अन्तको घर ढुङ्गाको र १।२ तले नै ज्यादा हुन्छ.

नेपाली घरहरूमा पराल या मकैका खोसेल्टा का सुकुल गुन्द्री मात्र नै व्यवहारमा हुन्छन्, केही धनीहरू राढी ओछ्याउँछन्. शक्नेले डस्नाको प्रयोग पनि गर्छन्. दक्षिण तिर खाटको पनि चलन छ. चलनका भाँडा बर्तनहरू माटो, काठ तथा धातु तिनै थोकका हुन्छन्. प्राकृतिक अव-स्थाको फरक, हैलमेलको कमी एवं खाद्यविज्ञानको अज्ञानले गर्दा रहन सहन खान पान आदिमा